# परिवारसँग उचित समय

## (Family Season)

(मिशन समाचार सहित)

लेखकहरुः

क्लोडिओ र पामेला कन्स्विग्रा

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०१९ (बि.सं. २०७५-७६)

ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग
सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन

प्रथम संस्करण : २०७५ (ई.सं. २०१९)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
bhajupurna@gmail.com
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## जीवनका लयहरू

छैटौं दिनमा सृष्टिको काम सकिएको थियो। सृष्टिका पाँचौं दिन सम्ममा लथालिङ्ग भएको पृथ्वी अत्यन्त सिद्ध र सौन्दर्यमा परिणत भएको थियो। अन्धकारमा ज्योतिले ठाउँ पाएको थियो। पानी नै पानी भएको यस पृथ्वीमा ती पानीहरूलाई परमेश्वरको आदेश अनुसार रहनुपर्ने स्थानहरूमा जम्मा गरिएको थियो। उहाँले भन्नुभयो, "यतिसम्म तिमीहरू आऊ, यहाँभन्दा अघि नबढ। तिमीहरूका गौरवमय छालहरू यहीँसम्म रोक्नै पर्छ!" (अय्यूब २८:११ रूपान्तरित)। पानी र जमिन अलग गर्दिंदा जमिन सुख्खा भएको थियो। त्यस सुख्खा जमिनमा विभिन्न रङ्ग र वास्नाहरू टुसाएका थिए जसले गर्दा यो पृथ्वी अत्यन्त सुन्दर तस्बिर जस्तै बनिएको थियो। विभिन्न जातका चराचुरुङ्गीहरू आकाशमा उड्न थालेका थिए। समुद्रमा थरी थरीका माछा र जीवहरू पौड्न थालेका थिए। आफ्ना पानीघरदेखि तिनीहरू खुशी भएका थिए। अनेकौं जातका जनावरहरू जमिनमा दगुर्न थाले, उफ्रन थाले र कतिपय त रूखहरूमा झुन्डिन थालेका थिए। ती सबै जीवहरूको आकार परमेश्वरकै चाहना अनुसार सृष्टि भएको थियो। आखिरमा परमेश्वरले मानिसलाई आफ्नै आकारमा ढालेर सृष्टि गर्नुभयो। परमेश्वरले सृष्टि गर्नुभएको सबै सृष्टिहरूमध्ये मानिसको सृष्टि पृथक किसिमले गर्नुभएर अरू सबै जीवहरूबाट फरक पार्नुभएको थियो।

अनि यस पृथ्वीमा सबभन्दा पहिलो साबथको निम्ति तयार हुनुभन्दा अघि छ दिनको सृष्टिलाई हेर्नुभएर परमेश्वरले यो उच्चारण गर्नुभयो "आहा, कति धेरै असल" (उत्पत्ति १:३१)।

सिद्ध, सुन्दर पृथ्वी, सिद्ध मानिसहरू सदाको निम्ति जिइरहेको कथा भइदिएको भए कति उत्तम हुन्थ्यो होला! आदम र हव्वाका धेरै छोराछोरीहरू थिए, तिनीहरूका नातिनातिनाहरू, खनाति र जनाति आदिहरू थिए। जसरी पहिलो दम्पतीले आफ्ना सन्तानहरू पाउँदा खुशीका लहरहरू छाएका थिए, त्यही लहरहरू सदाको निम्ति छाइरहेको भए विश्वका सारा पिँढीहरू खुशी हुन्थ्ये र तिनीहरूसँग परमेश्वर पनि खुशी हुनुहुने थियो। हामी पतित, आतङ्कले भरिएको संसारमा रहेका वर्तमान मानिसहरूले त्यो सुरुको सृष्टिको चित्रण कस्तो थियो होला भनेर कल्पना गर्न हामीहरूको मगजले भ्याउँदैनथ्यो।

सुरूको सृष्टिको कल्पना सुरूको जस्तो रमाइलो मानेर कल्पना गर्न किन सक्दैनौं भने अहिलेको संसार परमेश्वरले सृष्टि गर्नुभएको समयभन्दा उग्ररूपमै परिवर्तन भएको छ। पाप आउनुभन्दा अघिको संसार र पापपछिको संसार बीच अत्यन्त फरक छ। जब पृथ्वी पापको भूमरीमा पऱ्यो तब त्यसको बारेमा व्यक्त गर्दै एलेन जी ह्वाइट भन्छिन् "जब आदम र हव्वाले फूलहरू ओइलाएर झुक्न थालेको र पातहरू रूखबाट झर्न थालेको देखे तब तिनीहरू जसरी कोही प्रियजनहरू मर्दा मानिसहरू शोकमग्न हुन्छन् त्यसरी नै तिनीहरू गहिरो शोकमा परेका थिए। सुन्दर र कोमल फूल ओइलेर मर्दा तिनीहरूलाई दुःख त लागेको थियो नै, तर जब असल रूखहरूबाट पातहरू झर्न थाले तब प्रत्येक प्राणीले मृत्युको भार बोक्नुपर्ने तीतो सत्यले तिनीहरूको दिमागलाई चड्कन दिइरहेको थियो"-एलेन जी. ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ६२बाट रूपान्तरित। सुरूमा पात र फूल झर्दा आदम र हव्वाले कस्तो अनुभव गरेका थिए सो अहिले हामीलाई थाहा नभएतापनि हामी पापकै संसारमा परिरहेको हुँदा मृत्यु, दुःखकष्ट र पीडालाई हाम्रो जीवन चक्रको टार्न नसिकिने भाग भइरहेको नकार्न सक्दैनौं।

अनि त्यही विषयमा आधारित हाम्रो पुस्तक लेखिएको छः यस पतित संसारमा हामीहरूको जीवन चक्र। यो चक्रको विवरण त्यस थलोबाट गरिनेछ जो संसारका प्रायजसो सबै मानिसहरू त्यहींबाट उम्रिन्छन् त्यो हो परिवार।

परिवारलाई नै मध्येनजर राखेर अदनको बगैंचामा मानिसहरूलाई सृष्टि गरिएको थियोः पहिला त श्रीमान र श्रीमती, अनि बालबालिकाहरू जो हुर्केर अरू सन्तान जन्माउँछन्। यो संसारको इतिहास हाम्रो हो र त्यसले अझै पनि निरन्तरता पाएको छ। बाइबलका धेरै कथाहरू कुनै जङ्गलमा तपस्या गरेर, कुटी बनाएर, सबैबाट अलग हुने ऋषी वा साधु जीवनमा नघटी परिवारकै सेरोफेरोमा घटेको पाइन्छ। आदम र हव्वा, अब्राहम र मोशा जस्ता पूर्खाहरू, दाउद र उनका बंश आदि परिवारकै परिवेशमा उघारेर लेखिएको छ। प्रायजसो सबै घट्नाहरूको संरचनालाई कुनै न कुनै तरिकाले परिवारकै प्रभावमा घटेको बाइबलभरि देखाइएको छ। यो अचम्मको कुरो होइन किनभने बर्तमान परिप्रेक्ष्यमा पनि हामीहरूको जीवनको मूल्य मान्यता लक्ष्यलाई परिवारकै पृष्ठभूमिमा ढालिरहेको हुन्छ।

परमेश्वरले एक पुरुष एक महिला सृष्टि गर्नुभएर तिनीहरूलाई वैवाहिक सम्बन्धमा गाँस्नुभएर तिनीहरू दुई एक हुन् भनेर उहाँले आशिष

दिनुभएको थियो। तिनीहरूको बीचमा अरू कुनै स्त्री र पुरूख आउन मनाही गरिएको थियो। तैपनि विभिन्न वाह्य तत्वहरू जस्तै संस्कार, चलन, वाध्यता आदिले गर्दा पुरुष र स्त्रीको बीचमा अरू व्यक्ति घुस्रिएर वा घुसारिएर बहुपत्नीप्रथा वा बहुपतिप्रथाले गर्दा हुनुपर्ने सही, शान्तिमय र तालमेलको परिवारमा भाँडभैलो बाइबलको समयमा थियो र अहिले पनि जारी छ। यद्यपि सबै देश, जात र संस्कारमा परिवारको अवधारणा जारी भइरहेको पाइन्छ। यो अवधारणा भइरहनैपर्छ। किनभने हामी परिवारबाटै सुरू भएका हुन्छौं। हामीहरूको जीवनलाई असल र दुष्ट बनाउन परिवारले ठूलो भूमिका खेल्दछ। जब यस संसारको चक्रमा हामी पर्दछौं त्यसमा सामना गरिने तत्वहरूलाई बल दिन वा कमजोर बनाउन प्रायजसो परिवारकै पृष्ठभूमिमा भरपरेको पाइन्छ।

यो पनि नबिर्सौं, संसारमा जन्मेका प्रत्येक मानिसहरू फरक फरक हुन्छ। कुनै व्यक्तिको एक मगजको ढाँचा अरूको मगजसँग मिल्दैन। त्यसरी नै परिवार पनि फरक छ। एक परिवारको ढाँचा अर्को परिवारसँग मिल्छ वा मिल्नै पर्छ भन्ने छैन। यस पुस्तकका लेखक र यसको उत्पादकहरूको आशा र प्रार्थना यही छ कि यस पुस्तकका पाठकहरूको परिवार बाइबलले औंल्याएका नीति अनुसार चल्न सकोस् ताकि यस पापी संसारमा परिवार एक बलियो किल्लाको रूपमा खडा भइरहोस्।

*यस अध्ययन पुस्तकका लेखकहरू, क्लोडियो र पामेला कन्य्सुग्रा नर्थ अमेरिका डिभिजनमा फामिली मिनिस्त्री विभागका निर्देशकहरू भएर काम गरिरहेका छन्। तिनीहरूले चर्चमा ३० वर्षसम्म विभिन्न हैसियतले काम गरेका थिए।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | जीवनका लयहरु | १ |
| २. | हामीले गर्ने निर्णयहरु | २१ |
| ३. | परिवर्तनको निम्ति तयारी | ३९ |
| ४. | जब एक्लो भइन्छ | ६३ |
| ५. | परिवारको निम्ति बुद्धिमानी | ८० |
| ६. | राजकिय प्रेमगीत | ९६ |
| ७. | पारिवारीक एकताको निम्ति | १२३ |
| ८. | बाबु आमा हुने समय | १४९ |
| ९. | गुमाउनु पर्ने समय तथा अवसरहरु | १६६ |
| १०. | अलिकति कठिनाइ र दुःखका समयहरु | १९२ |
| ११. | विश्वासका परिवारहरु | २०४ |
| १२. | तिनीहरुले तिम्रो घरमा के देखे? | २२५ |
| १३. | युगको अन्तको समयमा | २४९ |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असार १३, २०७५ (जुन २८, २०१९) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १६-२२ (मार्च ३०-अप्रिल ५) |
| २ | अध्याय २ | चैत्र २३-२९ (अप्रिल ६-१२) |
| ३ | अध्याय ३ | चैत्र ३०- बैशाख ६(अप्रिल १३-१९) |
| ४ | अध्याय ४ | बैशाख ७-१३ (अप्रिल २०-२६) |
| ५ | अध्याय ५ | बैशाख १४-२० (अप्रिल २७-मे ३) |
| ६ | अध्याय ६ | बैशाख २१-२७ (मे ४-१०) |
| ७ | अध्याय ७ | बैशाख २८-जेष्ठ ३ (मे ११-१७) |
| ८ | अध्याय ८ | जेष्ठ ४-१० (मे १८-२४) |
| ९ | अध्याय ९ | जेष्ठ ११-१७ (मे २५-३१) |
| १० | अध्याय १० | जेष्ठ १८-२४ (जुन १-७) |
| ११ | अध्याय ११ | जेष्ठ २५- ३१ (जुन ८-१४) |
| १२ | अध्याय १२ | जेष्ठ ३२-असार ६(जुन १५-२१) |
| १३ | अध्याय १३ | असार ७-१३ (जुन २२-२८) |